दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
च.नं.

# नगर प्रहरी सेवा करारमा भर्ना सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/०६)

दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०७।०६ र २०८१।०७।२६ गतेको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत देहायको पद, संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१।०८।२० गते) सम्म कार्यालय समय भित्र इलाका प्रहरी कार्यालय, दोधारा चाँदनी, कञ्चनपुरमा दरखास्त दिन हुन यो सूचना प्रकाशन गरिएको छ । यसको लागि दरखास्त फाराम इलाका प्रहरी कार्यालय, दोधारा चाँदनी, कञ्चनपुरबाट वा यस कार्यालयको वेबसाइट https://dodharachandanimun.gov.np/ बाट उपलब्ध हुनेछ ।

१)

| पद | आवश्यक संख्या | | | |
|---|---|---|---|---|
| | खुला | समावेशी | | |
| | | महिला | आदिवासी जनजाति | दलित |
| नगर प्रहरी सहायक निरीक्षक | १ (एक) (वि.नं. ०३-०८१/८२) | - | - | - |
| नगर प्रहरी हवल्दार | १ (एक) (वि.नं. ०४-०८१/८२) | १ (एक) (वि.नं. ०५-०८१/८२) | - | - |
| नगर प्रहरी जवान | ७ (सात) (वि.नं. ०६-०८१/८२) | २ (दुई) (वि.नं. ०७-०८१/८२) | २ (दुई) (वि.नं. ०८-०८१/८२) | १ (एक) (वि.नं. ०९-०८१/८२) |

२) योग्यता

(क) नगर प्रहरी सहायक निरीक्षकको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ३० वर्ष ननाघेको,
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) नगर प्रहरी हवल्दारको लागि:

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र २७ वर्ष ननाघेको,
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको,

(ग) नगर प्रहरी जवानको लागि:

नि. प्रमुख प्रशासकीय अधिकृत

दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
च.नं.

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र २२ वर्ष ननाघेको,

(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आठकक्षा उत्तीर्ण गरेको,

<u>(घ) सबै पदका लागि आवश्यक थप:</u>

(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(उ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।

(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ऐ) पुरुषको लागि घटिमा ५० केजी र महिलाको लागि घटिमा ४२ केजी तौल भएको।

(ओ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

३) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु: उम्मेदवारको शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक प्रमाण पत्र) को प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट निरोगिता तथा आँखा जाँचको सक्कल प्रमाण पत्र, समावेशी समूह खुल्ने कागजात र राजश्व दाखिला रसिद । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

४) परीक्षाको किसिम : शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता ।

५) दरखास्त बुझाउने कार्यालय/निकाय : इलाका प्रहरी कार्यालय, दोधारा चाँदनी, कञ्चनपुर ।

६) दरखास्त दस्तुर :

| पद | दरखास्त दस्तुर | प्रत्येक थप समूहको लागि |
|---|---|---|
| नगर प्रहरी सहायक निरीक्षक | रु. ५००।- | - |
| नगर प्रहरी हवल्दार | रु. ४००।- | २० प्रतिशत (रु.८०।-) |
| नगर प्रहरी जवान | रु. ३००।- | २० प्रतिशत (रु.६०।-) |

७) तलब स्केल : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Website:- dodharachandanimun.gov.np
E-mail:- info@dodharachandanimun.gov.np
099:400184